# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

रङ्गहरुको विशेष पर्व होलीको पावन अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, उल्लास र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वसन्त ऋतुको आगमनसँगै फाल्गुन पूर्णिमाको दिन पहाडी भेगमा र त्यसको भोलिपल्ट तराईमा यो पर्व एक आपसमा रङ्ग दलेर अनि खुसी र शुभकामना साटेर अति हर्षोल्लासका साथ मनाउने गरिन्छ । होली आपसी सद्भाव, मेलमिलाप, भाइचारा, एकता, प्रेम र आत्मीय सम्बन्धको प्रतीक हो । पौराणिक मान्यता अनुसार असत्यमाथि सत्यको विजयको रूपमा यो पर्वको महत्व रहेको छ । खराब प्रवृत्तिलाई  दहन अर्थात् नाश गरेर सत्यता र न्यायलाई स्थापित गर्ने सन्देश यो पर्वले बोक्दछ ।

चाडपर्वहरू विशिष्ट  मौलिक पहिचानका निरन्तरता हुन् । नेपाल सभ्यता र संस्कृतिमा धनी छ । शिष्टता, सद्भाव, मौलिकता र सहिष्णुतालाई आत्मसात् गर्दै पर्व मनाउन सबैलाई प्रेरणा मिलोस् भन्ने अपेक्षा राख्दछु । पर्वका नाममा हुने विकृतीको अन्त्य गरि सभ्य र समृद्ध समाज निर्माणमा यो पर्वले टेवा पुऱ्याउने अभिलाषाका साथ पुनः सबैमा फागु पूर्णिमा अर्थात् होलीको शुभकामना व्यक्त गर्दछु ।

**२०८१ साल फागुन २९ गते, बिहिबार**
**ने. सं. ११४५ चिल्लाथ्व: चतुर्दशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**